परिवर्तनका लागि एक नयाँ आवाज

टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ३४२ पष्ठ ४ २०८२ असोज १० गते, शुक्रबार 26 September, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।



नयाँ सरकार गठनका लागि दलबिच छलफल



टक नेपाल

नेपाली कांग्रेसले जनमत पार्टीबाट मधेश प्रदेशका मुख्यमन्त्री बन्नुभएका सतीशकुमार सिंह नेतृत्वको प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै नयाँ सरकार गठनका विषयमा बुधबारदेखि छलफल सुरु भएको छ । अर्कोतर्फ मुख्यमन्त्री सिंहले औपचारिक रूपमा पदबाट राजीनामा दिनुभएको छैन । उहाँले राजीनामा नदिए पनि जनमत पार्टी र नेपाली कांग्रेसले समर्थन फिर्ता लिएपछि पार्टीले कारबाही नगरेको खण्डमा समर्थन फिर्ता लिएको ३० दिनभित्र उहाँले विश्वासको मत लिनुपर्ने कानुनी व्यवस्था रहेको छ ।

नयाँ सरकार गठन हुने निश्चित भएपछि एकातर्फ वर्तमान सत्ता गठबन्धन दल नेकपा (एमाले), नेपाली कांग्रेस, लोसपा र जनमत पार्टीका प्रदेश सभा सदस्यले छलफल सुरु गर्नुभएको छ । अर्कोतर्फ विपक्षी दल जसपा नेपाल, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) सहितका साना दलका प्रदेश सभा सदस्यले समेत छलफललाई तीव्र बनाएका छन् ।

नेकपा (एमाले) संसदीय दल मधेश प्रदेशका नेता एवं भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले सत्ता गठबन्धन दलभित्र आआफ्नो नेतृत्व हुनुपर्ने दलले दाबी गर्नु स्वाभाविक भए पनि वर्तमान अवस्थालाई दृष्टिगत गरी सर्वदलीय सरकार निर्माण गर्नु पहिलो प्राथमिकता रहने बताउनुभयो । उहाँले सङ्घीयताको समाप्तिका लागि विभिन्न खालका षड्यन्त्र हुने गरेको भन्दै सङ्घीयताको रक्षाका लागि पनि अहिले सर्वदलीय सरकार आवश्यक भएको र यसका लागि प्रदेशदेखि केन्द्रसम्मको विभिन्न दलको नेताको बिचमा छलफल भइरहेको बताउनुभयो । उहाँले दलबिचमा सहमति नभएको खण्डमा बहुमतीय प्रणालीबाट सरकार निर्माण हुने र त्यसमा नेतृत्वका लागि स्वाभाविक पनि एमालेको दाबी रहने बताउनुभयो ।

उहाँले एक/दुई दिनभित्रै केही न केही टुङ्गो लाग्ने बताउनुभयो । नेपाली कांग्रेस संसदीय दल मधेश प्रदेशका नेता एवं नेपाली कांग्रेस मधेश प्रदेश सभापति कृष्णकुमार यादवले मुख्यमन्त्रीले आफैं सामाजिक सञ्जालमा राजीनामा गरेको र मुख्यमन्त्रीको पार्टी जनमत पार्टीले समेत समर्थन फिर्ता लिएर मुख्यमन्त्रीलाई फिर्ता बोलाइसकेको अवस्थामा कांग्रेसले समर्थन फिर्ता लिएको बताउनुभयो । उहाँले सरकार गठनको विषयमा सामान्य छलफल भएको बताउनुभयो ।

लोसपा संसदीय दल मधेश प्रदेशका नेता जैनुल राइनले अब बन्ने सरकारको नेतृत्व लोसपाले पाउनुपर्ने दाबी रहेको र त्यसका लागि बिहीबारदेखि अन्य दलसँग छलफल गर्ने बताउनुभयो । सत्ता गठबन्धन दलका नेता यस्तो भनिरहँदा विपक्षी दल जसपा नेपालसहितका दलका नेताले भन्ने सङ्घीयता जोगाउनका लागि भए पनि सर्वदलीय सरकारका लागि पहल गर्नु आवश्यक देखिएको बताएका छन् । मधेश प्रदेशमा बहुमतको सरकार गठनका लागि ५४ जना प्रदेश सभा सदस्यको आवश्यकता रहेको छ । मधेश प्रदेश सभामा १०७ जना प्रदेश सभा सदस्यबाट दुई जना प्रदेश सभा सदस्य निलम्बनमा परेपछि सभामुख रामचन्द्र मण्डलसहित हाल १०५ जना प्रदेश सभा सदस्य रहेको सभामुख मण्डलले जानकारी दिनुभयो । जसमा नेकपा (एमाले) का २४, नेपाली कांग्रेसको २२, जसपा नेपालको १९, जनमतको १३, माओवादी केन्द्रको नौ, लोसपाको आठ, नेकपा (एकीकृत समाजवादी) का सात, नागरिक उन्मुक्ति पार्टीको एक, सङ्घीय समाजवादी पार्टीको एक र राप्रपाको एक जना गरी जम्मा १०५ जना प्रदेश सभा सदस्य कायम रहेको छ ।

'मधेशलाई जोगाउन सबै एक हुनु पर्छ' जनकपुरधाम समाचारदाताका अनुसार मधेश प्रदेश सभाका सदस्यले मधेश प्रदेशलाई जोगाउन र सङ्घीयतालाई सुदृढ बनाउन राजनीतिक दल एकजुट भएर अगाडि बढ्नुपर्नेमा जोड दिएका छन् ।

बुधबार बसेको मधेश प्रदेश सभाको छैटौं अधिवेशनको चौथो बैठकको विशेष समयमा विभिन्न दलका सांसदले सङ्घीयताको पक्षमा स्पष्ट धारणा राख्दै सुधार आवश्यकताबारे आआफ्नो विचार प्रस्तुत गरेका हुन् । प्रदेश सभा सदस्य रत्नेश्वर गोइत यादवले आवश्यकता र जनचाहना अनुसार राजनीतिक दलले सुधार गर्नुपर्ने बताउनुभयो । उहाँले प्रदेशमा अङ्कित अधिकार व्यवहारमा ल्याउनुपर्नेमा जोड दिनुभयो ।

प्रदेश सभा सदस्य जितेन्द्रप्रसाद सोनलले कुनै जाति वा समुदायलाई अपमान गर्ने अधिकार कसैलाई पनि नभएको बताउनुभयो । राष्ट्र प्रमुखबाट सबैको समान अधिकार र समान अस्तित्व सुनिश्चित गरिनुपर्ने उहाँको भनाइ थियो । यसै गरी सभामा बोल्दै प्रदेश सभा सदस्य सुनिता यादवले बलिदानीबाट आएको परिवर्तनलाई कमजोर पार्ने प्रयास भइरहेको आरोप लगाउँदै सङ्घीयताको प्रभावकारी कार्यान्वयनमा ढिलाइ भएको बताउनुभयो । उहाँले भन्नुभयो, "संविधानलाई विकासमुखी बनाउनु पर्छ । अबको निर्वाचनमा कार्यकारी प्रमुखको प्रत्यक्ष चुनाव हुनु पर्छ ।"

सांसद चन्दनकुमार सिंहले मधेश प्रदेशले सङ्घीयताको रक्षा र विकास दुवैको जिम्मेवारी लिनुपर्ने बताउनुभयो । उहाँले सङ्घीयताको पक्षधर पक्षमै उभिनुपर्नेमा जोड दिनुभयो । पूर्वमुख्यमन्त्री एवं प्रदेश सभा सदस्य लालबाबु राउतले आजको युवापुस्ता सामाजिक सञ्जालमा सक्रिय रहेको उल्लेख गर्दै जनतालाई सङ्घीयताका कारणले विकास भएको हो भन्ने सन्देश पु-याउनुपर्नेमा जोड दिनुभयो ।

नेपाली कांग्रेसका सांसद वीरेन्द्रप्रसाद सिंहले लोकतन्त्रलाई संस्थागत गर्न सम्पूर्ण मधेशले भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो । सांसद राजेन्द्रप्रसाद चौधरीले भने निर्वाचन प्रणाली सुधार्न आवश्यक रहेको उल्लेख गर्दै वर्तमान प्रणाली विपन्न र गरिब वर्गका लागि प्रतिस्पर्धी बन्न कठिन रहेको बताउनुभयो ।

यसै बैठकमा प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले महालेखा परीक्षकको कार्यालयको छैटौं र सातौं वार्षिक प्रतिवेदन पेस गर्नुभयो । त्यस्तै सार्वजनिक लेखा समितिका सभापति मञ्जुकुमारी थापामगरले समितिको वार्षिक प्रतिवेदन बैठकमा प्रस्तुत गर्नुभयो ।

जनमत पार्टीले थाल्यो निर्वाचनको तयारी



चन्दन रजक

डा.सीके राउत नेतृत्वको जनमत पार्टी निर्वाचनको तयारीमा जुटेको छ । अध्यक्ष डा.राउतले नागरिकसँग सुझाव माग्दै पार्टी निर्वाचनमा जुटेको सन्देश दिएका हुन् ।

आज बिहान सामाजिक सञ्जालमा डा.राउतले भनेका छन्– 'तपाईंको निर्वाचन क्षेत्रमा जनमत पार्टीलाई जिताउन को-कसलाई पार्टी प्रवेश गराउनु पर्छ वा कसलाई टिकट दिनुपर्छ ? सुझाव दिनुहोस् । छलफल थाल्नुहोस् । पार्टी प्रवेश गर्नेहरूको सूची बनाउनुहोस् ।'

उनले जनमत पार्टीलाई जति ठुलो बनाउन सक्यो जनताले त्यति अधिकार पाउने समेत दाबी गरेका छन् । सरकारले आगामी फागुन २१ गतेका लागि निर्वाचनको मिति तोकेको छ ।



पवित्रताका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

सम्पादकीय

प्रविधि पुस्ताको प्रशासनिक चेतना

पुस्ताहरू निरन्तर परिष्कारमा रहन्छन्। अघिल्ला पुस्ताप्रति असन्तोष र आलोचनात्मक दृष्टिले नयाँ पुस्ताले परिवर्तनको खोजी गने परम्परा छ। यही क्रमको नवीन प्रतिनिधि हो प्रविधि पुस्ता–'जेन-जी'। ग्याड्जेटसँग हुर्किएको यो पुस्ता पुस्तकबिनै पढ्न, मैदानबिनै खेल्न र डिजिटल प्लेटफर्ममै सामाजिक विमर्श गर्न अभ्यस्त छ। स्वतन्त्रता र स्वाभिमानमा अडिग भएकाले सरकार, शासन र प्रशासनमा मौलिक परिवर्तनको अपेक्षा राख्छ।

नेपालमा देखिएको जेन-जी आन्दोलन प्रशासनको चरित्र सुधारतर्फ लक्षित थियो। 'नो करप्सन', 'एक्सपोज करप्ट फेमिली' जस्ता नाराले पारदर्शिता र जवाफदेहिताको माग गर्थे। यसले सामाजिक सञ्जाललाई निषेध गर्ने निर्णयविरुद्ध प्रतिरोध गरे पनि वास्तविक उद्देश्य शासन-प्रशासनमा पवित्रता र नागरिक स्वतन्त्रताको संरक्षण थियो।

प्रविधि पुस्ताले ठाडो तहसोपानलाई चुनौती दिँदै छरितो, कार्यमूलक र समावेशी संरचनाको माग गरेको छ। उनीहरू सेवामा शीघ्रता, विनम्रता र शिष्टता चाहन्छन्। कर्मचारीलाई जागिरभन्दा सेवा भावनाले प्रेरित हुनुपर्ने उनीहरूको जोड छ। त्यस्तै, योग्यतामूलक सरुवा, बढुवा, पुरस्कार प्रणाली र व्यावसायिक निष्ठाको कदर हुनुपर्ने माग छ।

राजनीतिक कार्यकारीले प्रशासनलाई दुरुपयोग गर्ने प्रवृत्तिप्रति पनि यो पुस्ता संवेदनशील छ। प्रशासनलाई आफ्नो स्वार्थमा प्रयोग गर्ने प्रवृत्तिले कर्मचारीको मनोबल गिराएको छ। यसैको विरुद्ध प्रविधि पुस्ताले आवाज उठाएको हो।

यसरी, प्रविधि पुस्ताले प्रशासनलाई हतप्रभ बनाउन होइन, जीवन्त र कार्यमूलक बनाउने चाहना राखेको हो। यो चेतना केवल युवाको होइन, सम्पूर्ण पुस्ताको साझा चाहना हो–पारदर्शी, जवाफदेही र नागरिक-केन्द्रित सार्वजनिक प्रशासन।

कांग्रेस, एमाले, माओवादी सुँ„दैनन्, बालेन र .....

गम्भीरतापूर्वक लिनुपर्छ। हाम्रा छिमेकी र ठुला शक्तिहरूले यहाँ आँखा लगाउन पाइँदैन भनेर हामीले भन्न सक्नुपर्छ। नेपालले सधैँ नै तटस्थ, असंलग्न नीति अपनाउँदै आएको छ र भोलि पनि अपनाउँछौं।

अब वैकल्पिक नयाँ राजनीतिक शक्तिहरूले नेपाललाई विश्व शान्तिको केन्द्रको रूपमा अगाडि बढाउनुपर्छ। गौतम बुद्ध जन्मिएको देश त्यस अर्थमा जसरी अहिले जेनेभा, स्विट्जरल्यान्ड लगायतले शान्तिको केन्द्रको रूपमा गरे, अब आगामी दिनमा नेपाल विश्व शान्तिको केन्द्र बन्छ। हामी सबैसँग सन्तुलित सम्बन्ध राख्छौं। यसरी मात्रै हाम्रो स्वाधीनता कायम रहन्छ।

वैकल्पिक शक्तिहरूको वृहत् गठबन्धनको आह्वान

म अन्त्यमा, जो नयाँ उदाउनु भएका राजनीतिक चेत सहितका युवाहरू हुनुहुन्छ– उहाँहरू, नयाँ शक्ति, विवेकशील साझा पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी र गत निर्वाचनको बेलामा उदय हुनुभएका बालेन्द्र शाह, हर्क साम्पाङ लगायतका सबै शक्तिहरू एक ठाउँमा आउने अथवा सहकार्य गर्ने वातावरण तपाईंले बनाउनुपर्छ।

पुराना थोत्रा पार्टीको नेताहरू सच्चिनेवाला छैनन्। कांग्रेस, एमाले, माओवादी सच्चिने म कुनै सम्भावना देख्दिनँ। त्यो यति टाउकैसम्म कुहिएर बसेको शक्ति रूपान्तरण हुन सम्भावना छैन। त्यसैले, त्योभित्रका दोस्रो-तेस्रो नयाँ पुस्ताका साथीहरूले पनि विद्रोह गरेर यो नयाँ वैकल्पिक शक्ति अभियानलाई साथ दिनुपर्छ।

हाम्रो खास एजेन्डा अहिलेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधानमा टेक्ने र त्यसलाई पछाडि फर्किन नदिने हुनुपर्छ। गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी लोकतन्त्र जस्ता आधार स्तम्भहरूलाई साझा बिन्दु मानेर वैकल्पिक शक्तिहरू एक ठाउँमा आउन प्रयत्न गर्नुहोस्। एक ठाउँमा आउन नसके पनि सहकार्य गरेर मोर्चाबन्दी (वैकल्पिक एलायन्स) गरेर जान पनि सकिन्छ।

यो वृहत् वैकल्पिक गठबन्धन (ब्रोड एलायन्स) र पुराना शक्तिहरूबाट विद्रोह गरेर आउने दोस्रो-तेस्रो पुस्ताका व्यक्तिहरूको बिचको एउटा साझा एलायन्स भएर अगाडि जान सकियो भने देशले मुहार फेर्छ, तपाईंहरूको सपना पूरा हुन्छन्, यो बलिदान खेर जाँदैन। त्यसको निम्ति अगाडि बढ्न म हार्दिक आग्रह गर्न चाहन्छु। मेरो आजीवन सत्य र न्यायको पक्षमा उभिने प्रतिबद्धता निरन्तर रहनेछ। तपाईंहरूको यो अभियानमा मैले एउटा अभिभावकको हैसियतले, नागरिकको हैसियतले जाने बुझेको साथ र सहयोग दिन्छु।

भूमि आयोगका कर्मचारीले भने–

'१३ लाख आवेदन अलपत्र पारेर भूमि आयोग खारेज नगरियोस्'

● टक नेपाल

भूमिसम्बन्धी समस्या समाधान आयोग खारेज गने सरकारको निर्णय सच्याउन माग गर्दै आयोगमा कार्यरत कर्मचारीहरूले प्रधानमन्त्री सुशीला कार्कीसमक्ष ध्यानाकर्षण गराएका छन्। आयोग खारेज गरिएमा करोडौँ रुपैयाँको लगानी खेर जाने र १३ लाखभन्दा बढी नागरिक प्रत्यक्ष प्रभावित हुने भन्दै उनीहरूले निर्णयमा पुनर्विचार गर्न प्रधानमन्त्रीसँग आग्रह गरेका हुन्।

आयोगले हालसम्म ८८ हजार ८९५ भूमिहीन दलित, १ लाख ६८ हजार ४४१ भूमिहीन सुकुम्वासी र ८ लाख ७२ हजार १८१ अव्यवस्थित बसोबास गरी जम्मा ११ लाख २९ हजार ५१७ निवेदनहरू दर्ता गरिसकेको छ।

साउन ३० मा थप आवेदन माग गरिएकाले करिब डेढ लाखभन्दा बढी निवेदन थपिने अनुमान गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ। यसरी हेर्दा करिब १३ लाखभन्दा बढी नागरिक आयोगका गतिविधिबाट प्रत्यक्ष प्रभावित हुने उनीहरूको भनाइ छ।



यो निर्णयले राज्यको करोडौँ लगानी खेर जाने, लाखौँ नागरिकलाई अनिश्चितता हुने उनीहरूको भनाइ छ। यो निर्णय आफैँमा संविधान विपरीत रहेको रहेको, यसले कर्मचारीको भविष्यमाथि प्रश्न खडा गरेको, राजस्व सङ्कलनमा अवरोध गरेको तथा सामाजिक(आर्थिक असन्तुष्टि र अस्थिरता बढ्न सक्ने चेतावनी समेत उनीहरूले दिएका छन्।

सात जना कर्मचारीले बुझाएको उक्त पत्रमा चार बुँदे माग प्रस्तुत गरिएको छ।

१. आयोग अन्तर्गत कार्यरत कर्मचारीहरूको रोजगारी, सेवा र भविष्य सुरक्षित गरियोस्।

२. जग्गाधनी प्रमाण-पुर्जा वितरण, राजस्व सङ्कलन र तथ्याङ्क व्यवस्थापन जस्ता जनमुखी कार्यहरू अवरुद्ध नगरियोस्।

३. राज्यको महत्त्वपूर्ण अभियानलाई दिगो समाधानको बाटोमार्फत निरन्तरता दिइयोस्।

४. कुनै पनि परिवर्तनले सामाजिक न्याय, समावेशी विकास र दिगो समाधानका आधार लाई प्रभावित नगरोस्।





कांग्रेस, एमाले, माओवादी सुन्निन्, बालेन र हर्कहरू एक ठाउँमा आऊन्

● टक नेपाल

नेपालको राजनीति अहिले निर्णायक मोडमा पुगेको छ। गत भदौ २३ र २४ गते नयाँ पुस्ताका युवाहरूले आयोजना गरेको जेनजी विद्रोह ने पाली इतिहासमा लोकतान्त्रीकरणको अर्को महत्त्वपूर्ण कडी बनेको छ।

युवाहरूको महान् विद्रोहलाई मै ले सुरुदेखि नै स्वागत, सम्मान र सक्दो सहयोग गर्ने प्रयत्न गरेको छु। तत्कालीन सरकारले गरेको दमनका कारण होनहार युवायुवतीहरू सहिद हुनुभयो, जसप्रति म हार्दिक श्रद्धा सुमन प्रकट गर्दछु। सयौँ घाइतेहरू अहिले पनि अस्पतालमा छटपटाइरहे का छन्, उहाँहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

अहिले बनेको सरकार आन्दो लनकारीहरूकै बलमा पुरानो सरकार लाई विस्थापित गरेर बनेको हो। त्यसै ले यो सरकार आन्दोलनकारीहरूप्रति प्रतिबद्ध हुनुपर्छ र यसले घाइतेहरूको पूर्ण उपचारको व्यवस्था गर्नुपर्छ। शहीद परिवारहरूसँगको भेटमा उनीहरूको गुनासो छ– न्यूनतम सहयो गसमेत व्यवहारमा प्राप्त भएको छैन। परिवारहरूको भनाइ छ- बुवा गुमाएका बालबालिकाहरूको पढाइको व्यवस्था, घरका कम्तीमा एक जनालाई रोजगारी र घटनाको सत्यतथ्य पत्ता लगाएर दोषीलाई कारबाही गरिनुपर्छ। म यी मागसँग पूर्ण ऐक्यबद्ध छु।

पदत्याग र नयाँ पुस्तालाई मार्गप्रशस्त

विगत १० वर्षदेखि नयाँ शक्ति अभियान मार्फत देशमा वैकल्पिक र ाजनीतिको लहर सिर्जना गर्ने पहल मैले गरेको थिएँ। अहिले विभिन्न उतार चढाव हुँदै त्यो विभिन्न धारमा अगाडि बढिरहेको छ। हिजोसम्म मैले नेतृत्व गरेको नेसपा अध्यक्ष पदबाट मैले हिजो पदत्याग गरेको छु।

यस सन्दर्भमा मलाई साथ दिनुहुने सबै साथीहरूलाई धन्यवाद दिँदै म स्पष्ट पार्न चाहन्छु– म कुनै आन्दोलनबाट अलग भएको होइन। नयाँ शक्ति र वै कल्पिक राजनीतिक अभियान देशलाई एउटा विकल्प निर्माण गर्ने अभियानमा म निरन्तर रहनेछु।

मैले पदत्याग गर्नुको मुख्य कारण नैतिक हिसाबले हो। युवाहरूले ढोका ढकढक्याइ सके। हाम्रो नाति पुस्ता, नातिनी पुस्ता अगाडि आइसक्यो। अब उनीहरूलाई हामीले प्रोत्साहन दिनुपर्छ र उनीहरूले यो देशको नेतृत्व गर्नुपर्छ भन्ने मान्यता म राख्छु। यो विद्रोहको ठुलो ऐतिहासिक सकारात्मक पाटो भने को नेपाली इतिहासलाई अब केही दशक अगाडि बढाउने नेतृत्व गर्ने नयाँ पुस्ता सङ्घर्षबाट दीक्षित भएको छ। त्यसैले उहाँहरूलाई प्रोत्साहन गर्न र नयाँ पुराना दलहरू सबैले आफूलाई कि त रूपान्तरित हुनुपर्छ कि त सच्चिनुपर्छ कि सकिनुपर्छ भन्ने अवस्था सिर्जना होस् भन्ने हेतुले मैले यो कदम चाले को हुँ। वैकल्पिक राजनीति अभियन्ताहरूले पनि नयाँ पुस्तालाई अगाडि साने प्रयत्न गर्नुपर्छ।

विवेकशील साझा, स्वतन्त्र अभियान, बालेन, हर्क लगायतकाहरू र जे नजी पुस्ता– यी सबै शक्तिहरू अगाडि आउन र उनीहरूका लागि हाम्रो जस्ता पुस्ताले बेलैमा मार्गप्रशस्त गरिदिनुपर्छ भन्ने सन्देश जाओस् भन्ने ढङ्गले मैले यो कदम चालेको हुँ।

भ्रष्ट 'तीन टाउका' विरुद्धको जेनजी विद्रोह जायज

पहिलो कुरा त यो विद्रोह के हो भन्ने कुरा हामी प्रष्ट हुनुपर्छ। जुन पुर ाना बदनाम भएका, भ्रष्टीकृत भइसकेका र वैचारिक बन्ध्याकरण भइसकेका



शक्तिहरू हिजो आन्दोलनको बेलामा देश तहसनहस हुँदा आगो निभाउनुको सट्टा दुलाभित्र पसे, ती फेरि बाहिर आएर गर्जन खोजिरहेका छन्। उनीहरूले यो विद्रोह कुनै अमुक वा वैदेशिक शक्तिले गरेको भन्ने गलत भाष्य निर्माण गर्न खोजेका छन्। म स्पष्ट पार्न चाहन्छु– यो विद्रोह यहाँका युवाहरूको जायज विद्रोह हो।

गत १० वर्षमा पुराना तीन दलका भ्रष्ट तीनटा टाउकाहरूले आलोपालो दे शको जसरी दोहन गरे र देशलाई भ्रष्टाचारको आहालमा चुर्लुम्म डुबाएर हाम्रा युवाहरूलाई विदेश जान बाध्य पारे, त्यसको विरुद्धको एउटा जायज विद्रो ह हो यो।

विद्रोहको बलमा २३ गते दमन गरिएपछि २४ गते प्रतिगामी शक्तिहरू (सङ्घीय लोकतान्त्रिक गणतन्त्र उल्ट्याउन चाहने) र बाह्य शक्तिहरू (ने पाललाई अस्थिर बनाई राखेर स्वार्थ सेक्न चाहने) ले पनि प्रवेश गरेको सहजै बुझ्न सकिन्छ। तर त्यो सहायक कुरा हो। विद्रोह जायज थियो र नेपाली युवाहरूको आफ्नै मौलिक विद्रोह हो त्यो। यो आन्दोलनलाई बदनाम गने प्रयत्न गर्ने पुराना भ्रष्ट नेताहरूको कामको म पुरै भर्त्सना गर्दछु र युवा पङ्क्तिलाई प्रष्ट रहन आग्रह गर्न चाहन्छु। मेरो ऐक्यबद्धता उहाँहरूसँग निरन्तर र हन्छ।

आंशिक जित पर्याप्त छैनः प्रणालीगत सुधार अपरिहार्य

म आफैँ ३६ सालको आन्दोलन, २०४६ सालको आन्दोलन, २०५२-६२ को जनयुद्ध र जनआन्दोलन भोगिसकेको र नेतृत्वदायी भूमिकामा रहे को व्यक्तिको नाताले के भन्न चाहन्छु भने– तपाईंहरूले आंशिक जित हासिल गर्नुभयो (पुरानो सरकार ढाल्नुभयो), तर सत्ता ढले को छैन।

हामीले व्यवस्था नै बदल्न खोजेको त होइन, तर व्यवस्थामा केही महत्त्वपूर्ण सुधार गरेर भ्रष्टहरू फेरि नजन्मिऊन् र तपाईंहरू आफैँ पनि त्यो सत्तामा भ्रष्ट नहोस् भन्नको निम्ति केही सुधार गरेर मात्रै निर्वाचनमा जानु पर्छ। खासगरी निर्वाचन प्रणालीमा त्रुटि छ। मैले संविधान बनाउने बेलादेखि नै यो संविधान 'आधा गिलास भरी आधा खाली' छ भनेको थिएँ। किनकि यसको शासकीय त्रुटिले गर्दा कसैले पनि बहुमत ल्याउन दिँदैन, कुनै पनि सरकारलाई पाँच वर्ष टिक्न दिँदैन। जब देशमा लोकतान्त्रिक स्थिरता हुँदै न, तबसम्म सुशासन र समृद्धि हुँदै न।

त्यसको निम्ति शासकीय प्रणालीमा सुधार गर्नैपर्छ। त्यो भने को प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणाली नै हो। प्रत्यक्ष रूपमा निर्वाचित कार्यकारी प्रणालीमा नगएसम्म दे शमा राजनीतिक स्थिरता हुँदैन र यिनै भ्रष्टहरू फेरि सत्तामा आउने खतरा र हन्छ र तपाईंहरूको यो बलिदान खेर जाने खतरा रहन्छ।

युवा साथीहरूले अहिलेको सर कार (जुन तपाईंहरूले बनाएको सर कार हो) सँग व्यवस्थित ढङ्गले वार्ता गरेर लिखित रूपमा निर्वाचन हुनुभन्दा अगाडि दुई मुख्य सुधारका काम गर ाउनुपर्छः

१. उच्चस्तरीय विश्वसनीय आयोगः भ्रष्टाचारीहरूको छानबिन गर्ने, यिनलाई ठेगान लगाएर अरबौँ लुटेर राखेको सम्पत्ति जफत गर्ने।

२. संविधान संशोधनः अहिलेको प्रक्रियाबाट नै अध्यादेश मार्फत संविधानमा आवश्यक संशोधन गरेर प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीको निर्वाचनमा जाने।

यति सुधार गर्न सकियो भने बल्ल तपाईंहरूको त्याग र बलिदानको अर्थ रहन्छ। तपाईंहरू कमजोर हुने बित्तिकै आन्दोलनको रफ्तार सेलाउने बित्तिकै फेरि प्रतिगामी शक्तिहरू खेल्न थाल्छन् र चुनाव टार्दै जान्छन्। त्यसको निम्ति तपाईंहरूले निरन्तर दबाब बनाई राख्नुपर्छ।

राज्यका अङ्गहरूको कमजोरी र विश्व शान्तिको केन्द्रको परिकल्पना

हाम्रो राज्य र सुरक्षा अङ्गको पनि गम्भीर कमजोरी देखियो। युवाहरूको हत्या गर्नु हुँदैनथ्यो। अर्को दिन सिंहदरबार लगायतका राज्यका अङ्गहरू दल जलिरहँदा एउटा दमकल समेत नदौडाउनु र सुरक्षा अङ्ग तमासे भएर बस्नुको समीक्षा हुनुपर्छ।

राजनीतिक दलहरू पूरा भ्रष्टीकृत भइसकेका छन्, अब कुनै पनि बहानामा तिनलाई फेरि टाउको उठाउने दिनुहुँदैन। अब नयाँ र वैकल्पिक शक्तिहरू नै अगाडि आएर देशको नेतृत्व लिनुपर्छ।

हाम्रो देश गम्भीर भूराजनीतिक अवस्थामा छ। नेपाल इतिहासमा कहिल्यै पनि कसैको उपनिवेश नभएको देश हो। त्यसैले, नेपालीहरूको स्वाधीनता, सार्वभौम सत्ता र स्वाभिमान रक्षाको प्रश्नलाई

बाकी पृष्ठ २.....







मधेस प्रदेशको सरकारमा
मोर्चाको दाबी, मधेसवादी दलबिच एकताको प्रस्ताव



• टक नेपाल

मधेस प्रदेशको सरकारमा सङ्घीय लोकतान्त्रिक मोर्चाले दाबी गर्ने भएको छ। जनमत पार्टीका मुख्यमन्त्री सतिशकुमार सिंह अल्पमतमा परेपछि अब बन्ने नयाँ सरकारका लागि लोकतान्त्रिक मोर्चाले दाबी गने निर्णय गरेको छ।

मधेस केन्द्रित सातको लोकतान्त्रिक मोर्चाको आज बैठक बसेको थियो। मोर्चामा जसपा नेपाल, लोसपा, राष्ट्रिय मुक्ति पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टी, जनता प्रगतिशील पार्टी, तमलोपा र जनमत पार्टी रहेका छन्।

तर डा.सिके राउत नेतृत्वको जनमत पार्टी बैठकमा अनुपस्थिति हुँदै आएका छ। सरकार गठनको बारेमा मोर्चामा आबद्ध दलहरू मधेस प्रदेशमा गृहकार्य गने र त्यसपछि बैठक बसेर थप छलफल गर्ने बैठकमा सहभागी एक नेताले बताए।

मधेस प्रदेशमा जसपा नेपाल, लोसपा, नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीको मात्र सांसद छन्। सम्भवतः सरकार गठनका लागि मोर्चाले साथ नदिने देखिएको छ।

त्यसैगरि मोर्चामा आबद्ध दलहरूको बिचमा एकताका लागि बैठकमा प्रस्ताव गरिएको छ। लोकतान्त्रिक मोर्चाको सचिवालयले एकताका लागि बैठकमा प्रस्ताव गरेको छ।

यो प्रस्तावमा शीर्ष नेताहरू पनि सकारात्मक रहेको अगामी दिनमा गृहकार्य गरेर अगाडि बढ्ने सहमति भएको ती नेताले बताए।

विश्व पर्यटन दिवसमा
महोत्तरीका आकर्षक स्थल घोषणा



• टक नेपाल

होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीले विश्व पर्यटन दिवसको अवसर मा जिल्लाका ६ वटा प्रमुख पर्यटकीय गन्तव्य सार्वजनिक गरेको छ।

बिहीबार बर्दिवासको कालापानीमा आयोजित पत्रकार सम्मेलनमार्फत संघले जिल्लाको धार्मिक, सांस्कृतिक, पुरातात्विक र प्राकृतिक महत्व बोकेका गन्तव्यलाई चिनाउने उद्देश्यले सूची सार्वजनिक गरेको हो।

संघका अनुसार सार्वजनिक गरिएका गन्तव्यहरुमा जलेश्वर महादेव मन्दिर, मध्यपाषाण युगको मानव सभ्यता स्थल, 'नेपालको बाबाधाम' भनेर चिनिने टुटे श्वरनाथ, जंगबहादुरले सेतो बाघ देखेको भनिएको पंचधुरा मन्दिर, चुरेको फेदीमा रहेको कालापानी पार्क, धार्मिक सहिष्णुताको प्रतीक परौल थान र मटिहानीस्थित शताब्दीऔं पुरानो नेपालको नै जेठो गुरुकुल रहेका छन्।

'घुमौं मधेस, बुझौं मधेस' अभियानअन्तर्गत यी गन्तव्यलाई प्रदेश सरकारमार्फत सूचीकृत गर्न पहल गरिएको होटल तथा पर्यटन व्यवसायी महासंघ मधेस प्रदेशका अध्यक्ष हिरा गौतमले बताए। उनले पर्यटन क्षेत्रलाई मुलुकको आर्थिक मेरुदण्ड भए पनि पर्याप्त काम हुन नसक्दा ओझेलमा परेको भन्दै निजी क्षेत्रले अगाडि बढेर सरकारलाई घचेट्नुपने आवश्यकता औंल्याए।

संघका जिल्ला अध्यक्ष गोपाल कार्कीका अनुसार विश्व पर्यटन दिवसकै अवसरमा जिल्लाका होटल व्यवसायीहरूले आन्तरिक तथा बाह्य पर्यटकलाई खाना र बस्नमा छुटको व्यवस्था गरेका छन्। साथै, सार्वजनिक गरिएका गन्तव्यहरूको भ्रमण गराउने, सीमा नाकामा पर्यटक स्वागत गने, सरसफाइ अभियान र प्रचार-प्रसार गर्ने कार्यक्रम पनि तय गरिएको छ।

WorldLink



पाउनुहोस् उत्कृष्ट स्पीड
१२० Mbps
मात्र रु. ३०* प्रति दिन
दमदार PACK
साथमा Dual Band Router पनि
नेपालकै सबैभन्दा विश्वासिलो र भरपर्दो WorldLink को इन्टरनेट सेवा
अब तपाईंको आफ्नै शहरमा
यो अफर WorldLink को सीमित शाखाहरूमा मात्र उपलब्ध छ।
*शर्तहरू लागु हुनेछन्।
9801523050
worldlink.com.np

G.T.S. Mart Bardibas
Gautam trade & Suppliers



हामीकहाँ : दैनिक उपभोग्य सरसफईका सामानहरु,होटलमा प्रयोग हुने समानहरु र पियपदार्थ पनि उपलब्ध छ।
नोट: यहाँ हालसेल तथा खुद्रा सामान पाउनुका साथै यस मार्टमा होम डेलेभरी पनि सुविधा छ। मो.९८६३४३३६६७, ५७६३३४२७१७

मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन रोक्न समाजमा चेतना फलाउन जरूरी छ।
- विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गराउनु पदछ।
- पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुरा सिकाउन जरूरी छ।
- समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूरी छ।
- रोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गर्नुपछ।
- व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने।
- शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी राख्ने पामश दिने आवश्यकता अनुसा सम्बन्धित निकायसँग समन्वय गने।

सोनमा गाउँपालिका , महोत्तरी, मधेश प्रदेश

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ
सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- ३४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा



शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोड बर्दिबास, महोत्तरी
४४-५५२५५५

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014